# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।०९ गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी मोहिबुल अंसारीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला महोत्तरी, सम्सी गाउँपालिकाका **तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत मोहिबुल अंसारी** समेतका प्रतिवादीहरु उपर जिल्ला महोत्तरी सम्सी गाउँपालिका वडा नं.६ मा सञ्चालन भएको बेचन पण्डितको घरदेखि इसराफिल वडा सदस्यको घर हुँदै इदगाह हुँदै उमरपुर चौकसम्म सडक पी.सी.सी. ढलान योजनामा वास्तविक भए गरेको काम भन्दा नापी किताब एवं कार्य सम्पन्न प्रतिवेदनमा बढी मूल्यांकन गरी बढी भुक्तानी गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा बिगो रु.४,०३,५८१।३७ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन तथा दफा १९ को उपदफा (२) समेतको सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०२।०९ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८२।०८।०९ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल